निर्णयहरुः-

निर्णय नं. १ कार्यपालिकाका गरेका निर्णयहरु सभाबाट अनुमोदन गराउनु पर्ने कानुनी व्यवस्था बमोजिम यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाले आ.व. २०८१/०८२ को श्रावण देखी हाल सम्म गरेका निर्णय हरु अनुमोदनका लागि सूशासन तथा संस्थागत क्षमता विकास समितिका संयोजक श्री विर बहादुर धामीले स्विकृतीको लागि सभामा पेश गर्नु भइकोमा सो प्रस्तवालाई सभाध्यक्षज्यूले सभामा निर्णयार्थ पेश गर्दा हुन्छ भन्ने आवाज मात्र सुनीएको हुदा सो प्रस्ताव ध्वनी मतबाट सर्व सम्मत अनुमोदन भएको घोषणा गरियो।

निर्णय नं.२ नेपालको संविधान, २०७२ ले तीन तहको सरकारको परिकल्पना गरेको र सो अनुसार तीन वटै तहका सरकारले आ-आफ्नै नीति, कार्यक्रम तथा बजेट निर्माण गर्ने कानुनी व्यवस्था अनुरुप चुरे गाउँपालिकाले आ.व. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम र विनियोजन ऐन, २०८१ निर्माण गरेकोमा सो मा केही बिषय संसोधन गर्नु पर्ने भएको हुदा तपसिल अनुसारको शिर्षक संसोधन तथा रकमान्तर गर्नका लागि रकमान्तर प्रस्ताव बजेट तथा योजना तर्जुमा समिति संयोजक तथा गाउँपालिका उपध्यक्ष श्री धना देवी थापाले सभामा स्विकृतीका लागि पेश गरेकोमा सभाध्यक्षज्यूले सो प्रस्ताव सभामा निर्णयार्थ पेश गर्दा हुन्छ भन्ने आवाज मात्र सुनिएकाले सो प्रस्ताव ध्वनी मतले सर्व सम्मत पारित भएको घोषणा गरियो।

Scanned with CamScanner